त्रिभुवन विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय,बल्खु

## स्नातकोत्तर तह प्रथम वर्षको आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम

## भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय ,परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०७८ को २०८० सालमा सचांलन हुने स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा दिने मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय र एम.पी.ए.तर्फका आँशिक तथा प्राइभेट आँशिक परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पसमा मिति २०८० साल वैशाख २८ गते देखि २०८० साल जेठ २६ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित आवेदन फारम भरि बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) स्नातकोत्तर तह २०७२ सालमा भर्ना भइ २०७३ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले अन्तिम मितिको २ दिनभित्र परीक्षा आवेदन फारमको बैंक भौचर सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाउनु पर्नेछ र उपत्यका बाहिरका क्याम्पसहरुले उक्त वैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित प.नि.का.बल्खुमा र क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षे.प.नि.का.मा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा वैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

**३) परीक्षा शुल्क सम्वन्धमाः-**

| | |
|---|---|
| क) आँशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ६४०/- |
| ख) **प्राइभेट** आँशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ११२५/- |
| ग) परीक्षा आवेदन फारम शुल्क | रु ६५/- |
| घ) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु ११०/- |
| ङ ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १७५/- |
| च) दुइ वा सोभन्द बढी विषयका लागि प्रयोगत्मक परीक्षा शुल्क | रु ३२५/- |

**४) परीक्षा शुल्क बुझाउने सम्वन्धमाः-**

क) काठ्माण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००० १ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख) काठ्माण्डौ उपत्यका बाहिरका क्याम्पसहरुले बल्खु स्थित नेपाल वैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको बल्खु शाखावाट अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै पनि बैंकबाट भुक्तानी पाउने गरी त्रि.बि.परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई फारम साथै पेश गर्नु पर्नेछ ।

ग) क्षे.प.नि.का.विराटनगरका क्याम्पसहरुले परीक्षा संम्बन्धि सम्पूर्ण शुल्क त्रि.बि.क्षे.पा.प.नि.का. कार्यालय विराटनगर च.हि.नं.१००००१००९२२१२००००००१ नेपाल वैंक लिमिटेड त्रिभुवन चोक, बजार अड्डा शाखा, विराटनगरमा रकम बुझाएस्को वैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमामा पेश गर्नुपर्नेछ ।

घ) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ ।

ङ) क्षे.प.नि.का.अत्तरियाको हकमा त्रि.बि.प.नि.का.वल्खु परीसरमा रहेको ग्लोवल आई.एम.ई वैक

लिमिटेडको आम्दानी खाता नं.०४५१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ ।

च) सवै परीक्षार्थीहरुको परीक्षा केन्द्र काठमाण्डौमा मात्र कायम रहने व्यहोरा सूचित गरिन्छ ।

परीक्षा नियन्त्रक